# वालिङ नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

वालिङ, स्याङजा

फोन नं.: ०६३-४४०१७७
गण्डकी प्रदेश, नेपाल

पत्र सं: ०८३/०८४
च नं:

मिति- २०८३/०४/१८

### वालिङ नगरपालिका नगरकार्यपालिकाको अत्यन्त जरुरी सूचना

जल तथा मौसम विज्ञान विभागवाट मिति २०८३ श्रावण १७ गतेका दिन जारी गरिएको मौसम चेतावनी नक्शामा यस जिल्ला सहित देशका अन्य केही जिल्लाहरुमा मिति २०८३/०४ १७ गते देखि २०८३/०४/१९ गतेसम्म एक, दुई स्थानमा भारी तथा एक, दुई स्थानमा अति भारी वर्षाको संभावना रहेकोले सतर्कता अपनाउनु पर्ने देखिएको छ । यसै सन्दर्भमा यस अवधिमा सम्भावित विपदजन्य जोखिम र विपदका घटनाहरु हुनसक्ने हुंदा जनधनको क्षती न्युनिकरणका लागि देहाय वमोजिम पूर्व सावधानी अपनाउनु हुन सवै सरोकारवालामा वालिङ नगरपालिका हार्दीक अनुरोध गर्दछ ।

**देहायः**

- अत्यावश्यक अवस्थामा वाहेक यात्रामा ननिस्कनु हुन।
- यात्रा गर्ने अवस्थामा मौसम र सडकको अवस्था वारे जानकारी लिनु हुन।
- ठूलो पानी परेको वेला सकेसम्म रातको समयमा यात्रा नगर्नुहुन ।
- पहिरोको जोखिम भएको क्षेत्र असपास अनावश्यक आवत जावत नगर्नु हुन ।
- अकस्मात खोला खोल्सीहरु वढि वाढि आउनसक्ने हुनाले खोला खोल्सी तथा नदि किनारामा नजानु हुन ।
- वाढि पहिरो र डुवानको जोखिमयुक्त स्थानमा बसोवास गर्ने व्यक्ति घर परिवारले उच्च सतर्कता अपनाई सुरक्षित स्थानमा बसोवास गर्नु हुन ।
- जोखिमयुक्त पुराना घर गोठ पुल तथा भौतिक संरचनामा प्रवेश नगर्नुहुन ।
- विपदको संकेत देखिएमा सुरक्षित स्थानमा गई स्थानीय प्रशासन वा सुरक्षाकर्मीलाई तुरुन्तै जानकारी दिनु हुन ।
- अफवाह वा अपुष्ट सूचनाको पछि नलागी आधिकारीक श्रोतवाट प्राप्त सूचनामा मात्र विश्वास गर्नुहुन।
- जल तथा मौसम विज्ञान विभागवाट जारी हुने पूर्वानुमान/पूर्वचेतावनी वारे जानकारी लिई रहनु हुन ।
- विपद् सम्वन्धि सूचना दिनु परेमा वा मद्दत माग्नु परेमा हटलाईन नम्वरहरु DEOC, 1234 नेपाल प्रहरी १००, स्थानीय आ-आफ्ना वडाका जनप्रतिनिधि र वालिङ नगरपालिकाका नगर प्रमुख-९८५६०२१९८७०, प्रमुख प्रशासकीय अधिकृत-८९५६०७४१११, विपद् व्यवस्थापन शाखा प्रमुख ९८४६०७६२२४, लाई सम्पर्क गर्नु हुन ।
- विपद् पूर्व तयारी र प्रतिकार्यमा सहयोग गर्ने सरोकार वालाहरुले स्थानीय विपद् व्यवस्थापन ;समितिको नियमित सम्पर्कमा रहनु हुन ।

(जीवन ज्ञवाली)
प्रमुख प्रशासकीय अधिकृत